**सूर्योदय नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०७९**

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७९।११।१० गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ मा भएका केही व्यवस्था संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको स्वास्थ्य (प्रथम संशोधन) ऐन, २०७९ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०७९** हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई सूर्योदय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" लाई जनाउनेछ।

३. **मूल कार्यविधिको दफा ३ मा संशोधन:** मूल कार्यविधिको दफा ३ को उपदफा (१) को :-

(१) खण्ड (ख) को सट्टामा देहाय बमोजिमको खण्ड (ख) राखिएको छ।

" (ख) नगर उप-प्रमुख – उपाध्यक्ष "

(२) खण्ड (ठ) को सट्टा देहाय बमोजिमको खण्ड (ठ) राखिएको छ।

"(ठ)अस्पताल प्रशासन इकाई प्रमुख-सदस्य सचिव"

४. **मूल कार्यविधिको दफा ६ मा संशोधन:**

मूल कार्यविधिको दफा ६ को खण्ड (न) पछि देहायको खण्ड (य) थप गरिएको छ:

"(य)" अस्पतालसँग सम्बन्धित कार्याविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी लागु गराउनेछ।

५. **मूल ऐनको दफा ९ मा संशोधन:** मूल ऐनको दफा ९ को उपदफा (२) भएको "सूर्योदय नगरपालिका लेखा शाखा प्रमुख" शब्दहरूको सट्टामा "सूर्योदय नगरपालिका आर्थिक प्रशासन शाखा प्रमुख" भन्ने शब्दहरू राखिएको छ।